# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### कृषिको व्यवसायीकरणबाट ग्रामीण क्षेत्रको विकास सम्भव
(गभर्नर खतिवडाद्वारा शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेडको उद्घाटन)

गभर्नर डा. युवराज खतिवडाले साविक शाइन डेभलपमेन्ट बैंक, बुटवल र रेसुङ्गा विकास बैंक, गुल्मी एक आपसमा गाभिई बनेको शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेडको एक समारोहका बीच चैत ४ गते गुल्मीको तम्घासमा उद्घाटन गर्नुभयो । उद्घाटन समारोहलाई प्रमुख अतिथिका रूपमा सम्बोधन गर्दै उहाँले परिश्रम गरी अन्न फलाउने कृषकलाई सम्मान गरिनु पर्ने र त्यसका लागि बैंकका तर्फबाट पूँजीको रुपमा वित्तीय साधन उपलब्ध गराउने, कृषिको व्यवसायिकरणका माध्यमबाटै ग्रामीण क्षेत्रको विकास सम्भव हुने धारणा व्यक्त गर्नु भयो ।




कुनै पनि उद्योग व्यवसायको कुरा गर्दा जहिले पनि वित्तको प्रसङ्ग जोडिने, व्यवसाय नाफाको सिद्धान्तमा चल्ने भएतापनि नैतिकता विनाको नाफा दिगो हुन नसक्ने उहाँले स्पष्ट पार्नुभयो । बैंकिङ्ग व्यवसाय पनि सामाजिक जिम्मेवारी सहितको व्यवसाय नै भएकाले यसको नाफा सामाजिक जिम्मेवारीबाट समेत निर्देशित हुनु पर्नेमा उहाँले जोड दिनुभयो ।

आर्थिक क्रियाकलापको अभावमा बैंक नाफा उन्मुख हुन नसक्ने भएकाले आफू पनि बाँचौ र बचतकर्ता एवम् लगानीकर्तालाई पनि बचाऔं भन्ने कुरालाई बैंकिङ क्षेत्रले आत्मसात् गर्नुपर्ने चर्चा गर्नु हुँदै गभर्नर खतिवडाले विगतमा यस्तो पद्दति बैंकिङ्ग प्रणालीमा देखिएका उदाहरणबाट पाठ सिक्नु पर्ने सन्दर्भमा नै नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तर्कसंगत बनाउन नीतिगत व्यवस्था गरेको हो, किनभने प्रमुख कार्यकारी अधिकृतलाई नाफाको लक्ष्य दिँदा/लिंदा असीमित मात्रामा जोखिम लिने अवस्था सिर्जना भई असम्भाव्य क्षेत्रमा लगानी गर्ने प्रवृत्ति बढेर वित्तीय प्रणाली समास्याग्रस्त हुने जसबाट केही व्यक्ति मात्र समृद्ध हुने अवस्था अन्त्य गर्न तत्कालीन अवस्थामा यो व्यवस्था अवलम्बन गरिएको जानकारी दिनुभयो ।

घरजग्गा व्यवसायको प्रसङ्गमा गभर्नर खतिवडाले कृषियोग्य जमीनमा बालुवा हाल्ने र मरुभूमि बनाउने, छोटो समयमै अधिक मुनाफा प्राप्त गरी जीवन शैलीमा देखिएको अस्वाभाविक परिवर्तन समाजका लागि पनि स्वीकार्य हुन नसकेको चर्चा गर्नु हुँदै मुलुकको कृषियोग्य जमीन, वातावरण, वित्तीय प्रणाली, आर्थिक सामाजिक संरचनालाई जोगाउन घरजग्गा व्यवसायको ऋणमा केही सीमाको व्यवस्था गरिएको स्पष्ट पार्नुभयो । उहाँले मुलुकको भू-उपयोग नीति तयार गरिएको, यसबाट कृषियोग्य भूमि, आवासयोग्य भूमि, वन क्षेत्र, औद्योगिक क्षेत्र आदि छुट्टिने जानकारी दिँदै ऐनको अभावमा यसलाई कार्यरुपमा उतार्न नसकिएको स्पष्ट पार्नु भयो ।

राज्यले कृषियोग्य जमीनको सुरक्षा गर्ने र बैंकहरुले कृषिमा लगानी बढाएपछि कृषिको यान्त्रीकरण, आधुनिकीकरण र व्यावसायीकरणका माध्यमबाट ग्रामीण अर्थतन्त्रको विकासमा टेवा पुग्ने कुरामा उहाँको विशेष जोड दिदैं यसका लागि कृषि सडक, ग्रामीण विद्युतीकरण, ग्रामीण संचार, सिंचाइजस्ता सबै पूर्वाधारलाई व्यवस्थित गर्नु पर्ने टिप्पणी गर्नु भयो ।

बैंक तथा वित्तीय संस्थाको मर्जरको आवश्यकताबारे चर्चा गर्दै गभर्नर खतिवडाले संख्यात्मक वृद्धिलाई गुणात्मक रुपले सुदृढ गर्न, ठूला परियोजनामा लगानीका लागि विद्यमान पूँजी संरचना बढाउन, संचालक, व्यवस्थापक, कर्मचारी र कार्यालयको सञ्चालन लागत कम गर्न, कार्यक्षेत्र बिस्तार गर्न, गाभिएपछिको ऊर्जा (Synergy) अभिवृद्धिका लागि यसो गरिएको हो भन्नुहुँदै उक्त विकास बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो र नयाँ रूपमा आएको सो बैंकलाई स्थानीय कृषक, व्यवसायी र उद्यमीसँग हातेमालो गर्दै अघि बढ्न सुझाव दिनुभयो । साथै, उहाँले उक्त विकास बैंक सामाजिक दायित्वयुक्त व्यक्तिहरूको जिम्मामा रहेकोले सो विकास बैंक आफ्नो उद्देश्य हासिल गर्नमा सफल हुने विश्वास समेत व्यक्त गर्नुभयो ।

मिति २०६९।१२।५

गभर्नरको कार्यालय

तम्घासका उद्यमी व्यवसायीहरुसंग भएको भेटघाटको क्रममा उठेका विषयलाई सम्बोधन गर्दै गभर्नर खतिवडाले बैंकमा खाता खोल्ने कुरा अन्तर्राष्ट्रिय मापदण्ड, वित्तीय अपराध नियन्त्रण जस्ता कुराबाट निर्देशित हुने, तर निक्षेपकर्ताको सूचना अदालती प्रकृयाका लागि बाहेक गोप्य रहने हुँदा सर्वसाधारणलाई विश्वस्त हुन आग्रह गर्नुभयो । वित्तीय स्रोतको अपचलन नियन्त्रणका लागि सूचना आवश्यक रहेको चर्चा गर्दै उहाँले निजी सम्पत्तिको सुरक्षा संविधानबाटै प्रत्याभूत भएकोले इमान्दारीपूर्वक कमाएको धन बैंकमा राख्न धक नमान्न आग्रह गर्नुभयो । व्यावहारिकताका आधारमा खाता खोल्दा चाहिने विवरणलाई सरल बनाउन परिमार्जन गरिसकिएको समेत स्पष्ट पार्नुभयो ।

कृषि कर्जाको साँवा व्याज भुक्तानी सम्बन्धी प्रचलित चक्रको प्रसंगमा उहाँले उत्पादन विक्री गरेर ऋण तिर्ने अवस्था अघि नै साँवा व्याज बुझाउनु पर्ने विद्यमान अवस्थालाई सम्बोधन गर्न बैंकहरूसँग विभिन्न चरणमा छलफल भएको र उपयुक्त निष्कर्षमा पुगी आवश्यक नीतिगत व्यवस्था गरिने जानकारी दिनुभयो ।

कृषि विकास बैंकको सञ्चालन लागत उच्च भएकोले अरू बैंक भन्दा सस्तो दरमा कर्जा प्रवाह गर्न यसले नसकेकोले सञ्चालन खर्च कम भएका बैंकहरुलाई कृषिमा लगानी गर्न आग्रह गरिएको कुरा उहाँले बताउनु भयो । यस प्रसंगमा बैंक तथा वित्तीय संस्थालाई कृषि र ऊर्जामा गरी १० प्रतिशत र त्यसमा पर्यटन, साना तथा घरेलु उद्योग मिलाएर २० प्रतिशतसम्म लगानी गर्न निर्देशित गरिएको जानकारी दिनुभयो । यो निर्देशन पछि कृषिमा लगानी दोब्बर भए तापनि ३०–३५ अर्ब रुपैयाको मात्र लगानीबाट सन्तोष मान्ने अवस्था नहुने भएकाले थप प्रयत्नको खाँचो औंल्याउनु भयो । कृषि क्षेत्रमा रहेका बहुपक्षीय जोखिमलाई न्यूनीकरण गर्न बीमा सम्बन्धी व्यवस्थामा नीतिगत सुधार गरिएको चर्चा गर्दै उहाँले बजार व्यवस्थित गर्ने कार्यमा सहकारी संस्थाहरूलाई परिचालन गर्न सहकारीको क्षमता विस्तार गर्ने नीति लिइएको र थोक तथा खुद्रा बजार व्यवस्थापन गर्न सहकारीहरू अघि बढिसकेको स्पष्ट पार्नुभयो ।

कृषि उत्पादनको प्रशोधनका लागि सहकारी संस्थाहरूलाई मेसिनरीको खरीदमा सरकारले पूँजीगत अनुदान दिने व्यवस्था भैसकेको र पशुपालनमा समेत केही पूँजीगत अनुदान दिने व्यवस्थाका लागि गृहकार्य भइरहेको जानकारी उहाँले दिनुभयो । नेपालमा पनि कृषि उत्पादनको उपभोग गर्ने प्रवृत्ति बढदै गइरहेको छ । यस प्रवृत्तिलाई बजार विस्तारको रुपमा ग्रहण गरी कृषि क्षेत्रमा लगानीको उत्प्रेरकको रूपमा लिन आग्रह गर्दै उहाँले किसानलाई बजारको सूचना दिने संयन्त्रको विकास मार्फत् उचित मूल्य पाउन सक्ने अवस्था सिर्जना गर्नु आजको आजको आवश्यकता हो र यसो गर्न सकिएमा कृषि क्षेत्रमा बैंकहरुको लगानी वृद्धि भई सरल ब्याजदरमा जोखिम व्यवस्थापन गर्दै कृषक र बैंक दुवै पक्षले लाभ हासिल गर्न सक्ने विचार राख्नुभयो । यो कुरा पछिल्ला केही वर्षमा भएको प्रगतिबाट पनि पुष्टी भएको छ ।

उद्यमी व्यवसायीको कर्जाको व्याजदर सम्बन्धी गुनासोतर्फ ईङ्गित गर्दै गभर्नर खतिवडाले कर्जाको व्याजदर कम गर्न सर्वप्रथम बैंकमा निक्षेप जम्मा हुनुपर्ने, जुन सर्वसाधारण तथा उद्यमी व्यवसायीको संयुक्त प्रयासमा मात्र सम्भव हुन्छ भन्नुहुँदै यसका लागि बचतकर्ताले बैंकमा रकम जम्मा गरेर सहयोग गर्नुपर्नु उहाँको विचार थियो । पूँजीको लागत मार्फत नै कर्जाको व्याजदर निर्धारण हुने भएकाले लागतलाई पारदर्शी बनाउन वाणिज्य बैंकहरूमा आधार ब्याजदर सम्बन्धी नीति लागू गरिसकिएको र यो क्रमश: विकास बैंक र वित्त कम्पनीहरूमा पनि लागू गरिने उहाँले जानकारी दिनुभयो ।

बैंकको समष्टिगत लागत र कर्जाको व्याजदरमा अस्वभाविक अन्तर देखिएमा केन्द्रीय बैंकले हस्तक्षेप गर्नु पर्ने सन्दर्भमा उहाँले बजार संयन्त्रले नै यसलाई सन्तुलनमा ल्याउने कुरामा केन्द्रीय बैंक आशावादी रहेको तर बजारको सिद्धान्तले कुशलतापूर्वत काम नगर्दा हस्तक्षेप आवश्यक हुने कुरा अनुभवबाट देखिएको समेत चर्चा गर्नु भयो ।

बैंक वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्दै जाने र आय आर्जनका अवसर दिएपछि त्यहीँ बचत सङ्कलन हुने र त्यहीँ नै लगानीका अवसरहरू खोज्न उहाँले बैंकहरुलाई अनुरोध गर्नुभयो । बैंकहरू स्वयम् क्रियाशील भएर उद्यमशीलतातर्फ जोड दिन आग्रह गर्दै उहाँले सम्भव भएसम्म कुनै खास वस्तुलाई ब्राण्ड प्रोडक्टको रूपमा विकास गर्दै गुल्मीको कफीलाई वा सम्भाव्य अन्य उत्पादनलाई ब्राण्ड प्रोडक्ट बनाउन सकिने पनि संकेत गर्नुभयो ।